# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/ ११ /११

पांचौ अधिवेशन

(बाह्रौ बैठक )

बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरू,**

यस सभाको पांचौ अधिवेशनको बाह्रौ बैठकको कार्वाही प्रारम्भ हुन्छ

ढ्याढ्यापेमा मा० दुर्गा कुमारि कामीः- माननीय सभामुख महोदय अछामजिल्लाको तुर्माखाद गाउँपालिकामा शुक्रबार राति चट्याङपरेर 2 जना घाइते भउकाछन र 1जनाको मृत्यु भउको छ। यस्ता चट्याङ्परेर मृत्यु हुनेघटना अछामा यो पटक मात्रै हैन पटक पटक भैराखेकोछ। हामिले पटक पटक सरकारको ध्यान आर्कसण गराएका छौ मृतकका परिवार र मृतकका परिवार लाई तत्काल क्षतिपूर्ति रातको व्यवस्था सरकारले गरावस भनेर सरकारको ध्यान आर्कसण गराएका छौ। र मृतकको भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र घाइतेको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु अछाम जिल्लाकै पन्चदेवल विनायक नगरपालिका वडानम्बर 6 तोलि निवासि जितेन्द्र वि.क. अछामकै अछामजिल्लाकै कारागारमा कैदि जिवन भुक्तानि गरिराखेको अवस्थामा कारागारमै मृत अवस्थामै फेलापरेका छन। यस्ता घतनाहरु दिन प्रतिदिन घटिराखे र जो जेल भित्रै सुरक्षित हुन सकिदैन। जाहा प्रहरीको घेराछ प्रहरिकै घेरा भित्र यस्ता खालका घटनहरु घट्छन र असुरक्षित हुन्छन। र विनायककै वडा अध्यक्षको हत्या भएको यत्रो समय भैसकेकोछ अहिलेसम्म पत्ता लाउन सकिरहेको छैन यस्ता खाले घटनाले गर्दाखेरि हाम्रो प्रहरी प्रशासन अछाम जिल्लाको प्रहरी-प्रशासन साच्चिकै निरह भएको र असक्षम भएकोहो भन्ने कुराचाहि आम सर्व साधार्ण जनतामा यो यस्तो महसुस गरेकाछन र हमिलेपनि महसुस गर्दौछु। फरिपनि म प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र ग्रहमन्त्रालयको ध्यानाकर्षण गराउँछु यस्ता घटनालाई तत्काल छानबिन गरेर दोषीलाई कानुनी कठघरामा उभ्याउने र पिडित परिवारलाइ तत्काल क्षेतिपुर्ति उपलब्ध गराउनकोलागि सरकार संग जोडदार माग गर्दछु। धन्यावाद

**माननीय सदस्यहरू,**

अब "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६" माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६**" माथि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को (१) बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

माननीय मन्त्री किष्णराज सुवेदीः- माननीय सभामुख महोदय सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ माथि प्रदेश सभानयमावलि २०७६ को नियम १०७ बमोजिम सभामा सामान्य छलफल गरियोसभनि यो प्रस्ताव पेस गर्दछु धन्यवाद

**माननीय सदस्यहरू,**

अब, म **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि सामान्य छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम भरत वहादूर खड्कालाइ समय दिन्छु।

**मा० भरत वहादूर खड्काः-**

माननीय सभामुख महोदय सुदूरपश्चिमको प्रज्ञा पर्तिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक याहाँ टेवल भएकोछ हामि यसको सैद्धान्ति छलफलमाछौं। यो बडा महत्वपूर्ण विधेयक हुनत सबै महत्त्वपूर्णछ। यहाँ यसभित्रमा धेरै कुराहरुछन। विशेष गरेर समाज शास्त्रको अध्ययन अनुसन्धानको कुरापरिछ यो महत्वपूर्ण विषय भित्र पर्छ हामीलाई त्यति जानकारीछैन। र यसको अनुसन्धान र यसको अध्ययन यसो हेर्दाखेरि 18 सय 38 मा यसको विशिष्ट विषयको रुपमा अनुसन्धान गर्न फ्रान्बाट सुरुभएको देखिन्छ र त्यसैगरी 18 सय 76 मा अमेरिका 18 सय ९९ मा ब्रिटेन र भारतमा 1914 मा यसको अनुसन्धान र अध्ययन भएको देखिन्छ यसको इतिहास र समाज शास्त्रको अध्ययन सामाजिक सम्बन्धको बारेमा समूहको अध्ययनको बारेमा समाजिक क्षेत्रको बारेमा यहाँ अध्यन मात्रहोइन यि धेरै कुराहरूको खोज तलास गर्नेगरेको एउटा विद्वानले लेखेकोछ सोशोलोजि साइन्स अफ सोसाइटि समाजशास्त्र समाजको विज्ञानहो यो समाजको अध्ययनगर्ट भन्दा समाजको अध्ययन गर्न कुराहरु सजिलोछैन बडा गहन विषय पनियहाँछन हामिले यसो हेर्दा प्रज्ञा पर्तिस्ठान भन्ने बित्तिकै हाम्रो दिमागमा अर्कै जान्छ अब हामी संस्कृतिको कुरा उठाएकाछौ। तर संस्कृति भनेको समष्टिगत रूपमा हो। तर संस्कृतिलाई कसरी पुष्टिगर्ने भन्दा हाम्रो समाजमा हाम्रो समूहमा रितिरिवाज र चालचलन हाम्रो

संस्कृति हो हरेक जातजाती धर्म सम्पर्दायका मान्छे हरूको बसोवास हुन्छ। तर जो तिरिवाज चालचलनछ व्यवहारिक रुपमा यो समष्टिगतरुपा तर हामिले संस्कृति मात्र भन्ने बित्तिकै सबैकुरा स्पष्टहुँदैन यसलाइ स्पष्ट पार्नकालागि रिति रिवाज चालचलन याहाँ देखेन मैले यो सव्दहरु यो मेरो सुझावहो। अब साहित्य यो साहित्य भनेको कुनैपनि लेख रचनाको मुटु एउटा राम्रो सिंगार पटार गरेको मानिसलाइ हेर्दार सिङ्गार पटार नगरेको मान्छेलाई हेर्दा कस्तो फरकपर्छ। कुनै पनि लेख रचना भित्र साहित्य भएनभने त्यो अधुरोहुन्छ। भन्दा यसकोपनि विषिस्ट ठाउँछ त्यसैमा कलाछ। कला र संस्कृतिको हामिले जगेर्ना गर्ने भनेकाछौ। यो धेरै महत्वपूर्ण विशेषछ। हामी प्रतिष्ठान वनाएर यलाई पनि व्यवस्थित गर्दैछौ जोयो कानुन बन्छ। हामीले कानुनबनाउँछौ। जुन उद्देश्यको लागि कानून बन्छ कार्यान्वनको क्षेत्रमा हामी कतिगयौ। त्योपनि समिक्षा गर्नु जरुरीछ। म सभामुख मार्फत आग्रह गर्न चाहान्छु सम्मानित सदनमा अवत हामि संख्याको आधारमात हामि ३४/३५ मा पुग्न थाल्यौ। हामिले कानुन वनाउने कुरामा हामिले गर्वपनि गर्नुपर्छ। जुन उद्देश्यका लागि कानुन बन्छ कार्यान्यिन क्षेत्रमा हामी कतिगयौं। र यसवाट हामिले सुदूर पश्चिमका जनतालाइ कतिदिन सक्यौ। यसको पनि समीक्षागर्नु जरुरीछ।अव कानून वनाउदै संख्याको हिसापमा राख्दै अक्षर पनि त्यसको कर्यान्वयन भएन भने यो वनाएको के अर्थछर। अव यसै सदनमा कुरा उठिसक्यो सुशासन विधेयक पास गर्यौ त खैलागु भएको अन्य विधेयक पनि पास गर्यौ खैत लागुभएको। लोकसेवा विधेयक पनि पास भयो मलाइ लाग्छ एउटा मेटिङ पनि वसेकोछैन। कसले रोक्यो त्यसैले यो समिक्षा गर्नुपर्छ।हामिले पास मात्र गर्ने हैन कार्यान्वयन गर्नकोलागि सरकारलाइ सहजिकरण गर्नकोलागि वाटव खोल्नकालागि सेवा दिनकालागि त्यसवाट यो प्रदेशका सरोकार वाला व्यक्ति हरुले त्यसवाट फाइदा लिन सक्छन। यो किसिमले वनाएका यि नियम कानुन हरुहुन त्यसैले मेरो आग्रहछ। सभामुख ज्यू मार्फत म सरकारलाइ आग्रह गर्नचाहान्छु। यसलाइ हिमले कर्यान्वयनको क्षेत्रमा जानु पर्छ । यो विधेयक भोलि कानून वनिसकेपछि अरु विधेयक जस्तै योपनि नछुटोस।त्याहाँहो हाम्रो चिन्ताको विसय त्यसैले यो अत्यन्त अनुसन्धानत्मक ।विसय भत्र पर्छ। अव भोलि हामिले प्रज्ञा पर्तिष्ठान गठनगर्दा हामिले रावनैतिक भर्ति गरिदिउला। यो एटा नेपालि राजनितिमा सवैभन्दा गलत रोग यो विगत देखि अहिले सम्म हामिले हरेक क्षेत्रलाक्ष पोलिटिकलाइज गर्यौ। पोलिटिकलाइज गरेर पोल्टेड गर्दैछौ। अनिहामि अनि सिस्टमले फन्सन गर्नेरे म एउटाका स्मरण गराउन चान्छु। सभामुख ज्यूमार्फत सम्मानित सदनमा हिजो संविधान सभामा त्यहिकुरा आयोगका वारेमात मैलेत ४/५ भन्दा वडि आयोग राख्नुहुन्न भन्ने पक्षमा थिए।जो अग्तियार मानव आयोग लोकसेवा यि ४/५ भन्दा वाहेक राख्नु हुदैन। राख्नत हामिले सवै आयोग राख्यौ तर त्यो आयोको गठन हेर्नुहोस। त्यसको कर्यान्वयन हेर्नुहोस जव आयोग राखिसकेपछि जसकालाग राख्यौ र त्यसले के पर्तिफल पायो र केदियो। जुन आयोक वनेकाछन त्यो आयोगमा त्यहि वर्गको सम्रानत भन्दा वाहेकको व्यक्ति हुदैन।नौकरि उसकालागि मात्रै हुन्छ। त्योत केहि अर्थै भएन। जसकालागि आयोग वनायौ त्यो त्यस वर्गकालागि प्रभावकारि हुनुपर्छ त्यो कार्यान्वयनको क्षेत्रमा परिणाम सुखद आउनु पर्छ। त्यसैले यो प्रतेष्ठान राम्रोछ । यसको धेरै ठुलो जिम्मेवारिछ अझ हामिले यसलाइ भोलि पोलिकलाइटेज गरेर भर्ति गर्नेहोभने यो भर्ति केन्दंर मात्र हुन्छ। यसवाट कुनैपनि परिणाम राम्रो आउन सक्दैन अव यो दफावार विषयत पछिपनि आउला त्यसैले मेरो आग्रह केछ भन्दाखेरि हामि जुन

उद्देस्यका साथ यि विधेयक र कानून  वनायछौ त्यो अनुरुप हाम्रो कार्यान्वयन क्षेत्रमा जान थाल्यो अहिले धेरैले प्रश्न गर्न थालिसके कानुनत धेरै वनायौ खैत व्यवाहारमा कार्यान्वयन को क्षेत्रमा भनेर अहिले हामिलाइ प्रश्न गर्छन। सभामुख महोदय यो सुर्ण सदन सरकारको साथमाछ। हामिले वारम्वार भनेका छौ । सदन सरकारको वाधक हुदैन कवच वन्छ ।सदनलाइ विस्धासमा लिएर हामिले हामि संग भएको साधन स्रोत र जन सक्तिलाइ पर्भावकारि ढंगले अगाडि वडाउ ऐन कानूनलाइ पनि प्रभावकारि ढंगले अगाडि वडाएर प्रदेश सरकारको अनुभुति गराउ यो विषय आव गम्भिर वनेकोछ। त्यसैले म धेरै भन्न चाहान्न मेरो आग्रहछ कि सरकार प्रभावकारि ढंगले यसतर्फ आफ्ना कदमहरुलाइ अगाडि वडाओस सिङ्गो सदन सरकारको साथमा रहनेछ। धन्याद

**माननीय दिर्घ वहादूर सोराडीः-**

माननीय सभामुख महोदय सुदूर पश्चिम प्रदेशको प्रज्ञा  पर्तिस्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक याहाँ सरकारले ल्याएकोछ । मन्त्रीलाई र सरकारला धन्यावाद दिन भाहान्छु ।  किनकि यो अर्को नामबाट पवलमान सिंह स्वार प्रज्ञा प्रतिश्ठानको नामवाट करिव डेढवर्ष अगाडि मन्त्रीपरिसदले सैद्धान्तिक सहमति दिइ सकेको अवस्था थियो । धेरै समयपछि आयो पछि आएपनि आएकोछ। हामिले सरकारलाइ धन्यावाद दिनुपर्छ। प्रज्ञा भनेको केहो यसको ठूलो महत्वछ ।ज्ञानसँग सम्बन्धित कुराछ खासगरी जीवन र जगतलाई कसरी हेर्ने कसरी बुझ्ने कसरि व्याख्यागर्ने मार्क्सवादी हरुले कसरी परिवर्तन गर्ने शब्द थप्ने कुरा गर्नभयो मासकले खासगरि दर्सनलाइ हामी बसेको समाज र ठाउँ हामिले कुनठँबाट कुन आँखाबाट हेर्ने कस्तो बनाउने भन्ने ज्ञानसँग सम्बन्धित कुराहो प्रागिक कुराहो वौधिककुरा खास गरी यसले बौद्धि कक्षेत्र भनेको बौद्धिकलाई वौधिकलाइ केमान्ने प्राज्ञिकलाइ पनि के मान्ने भन्ने कुराछ। यसको वारेमा पनि अनेक व्याख्या विष्लेसण भइनै रहेकाछ्न खासगरि संसारभरिका खासगरि राजनैतिक व्याख्या विष्लेसण दार्सनिक व्याख्या विष्लेसण  दार्षनिक ढंगले विवादहरुछन हामीले वेकुरा ल्याउन खोजेका छौ सरकारले गर्न खोजेकोछ। खासगरि प्रज्ञा प्रतिष्ठान हाम्रो प्रदेशको कला साहित्य संस्कृति दर्शन कला-साहित्यकै कुरारागर्ने भएपनि हामि संगत धेरै नाट्य ललितकला साहित्यका रुप लक्षण आफै प्राज्ञिधक कुरालाई  साहित्य आँखाबाट साहित्य साहित्यको आँखाबाट आँखाबाट त्यो अगाडि बढाइरहेकाछौ त्यसकारण हामीले हाम्रो देशमापनि यस्ता विभुतिहरु छन जस्को नामबाट  हामिले विगतमै २०७५/७६को वजेटमै ५० लाख हामिले छुट्यायको अवस्थाहो । जाहँ पहलमान सिह स्वार प्रज्ञा पर्तिस्ठानको नामवाट  तर अहिले यो सुदूर पश्चिम प्रदेश प्रज्ञा पर्तिष्७नको नामवाट अगाढी आएको छ। नामको बारेमा पछि विषयगत समितिमा सैद्धान्तिक ढंगले पछि अहिले विषयगत ढंगले समिति छलफल गरौला    खासगरि यसको महत्वको कुरागर्दा यो महत्वपूर्ण ओझेलै कुराहो अब यो महत्वपूर्ण ओझेलै भएको कारणले सरकारले ल्याएको होला यसलाइ कुन रुपमा लैजाने यस्ता प्रतिष्ठनहरु आयोगहरु कसरी बनाउने कुन रुपमा बनाउने भन्नेबारेमा राम्ररी छलफल गर्नुपर्ने आवस्यक्ताछ। यमा  सरकारको छाया  पार्नेकि नपार्ने खासगरि चिनिया  हरुको कुरा गर्नेहो रसियन हरुको कुरागर्नेहो। अमेरिकनको धेरैकुरा गर्नेहोभने नेपालको हकमा पनि अव यसको वारेमा लामो डिभेड गरेको अवस्थाछ। अव

हामिले कसरि लैजाने र हाम्रो सरकारले कसरि लैजाने हामीलेपनि सरकारलेपनि खासगरि सवैले पेस्ट र कपि गर्नेहो माथीको प्रज्ञापर्तिष्ठनको केछ त्यसतालाइनै गर्ने माथि के वनाएकोछ मुख्य मन्त्रि कुलपति हुने माथि प्रधान सन्त्री कुलपति हुने भने जस्तै सम्वन्धित मन्त्री सह कुलपतिहुने संरक्षक हुने अलिकति यसको बारेमा पनि छलफल गर्नुपर्छकि सरकारले चाहि सरकारले बनाउने पक्षमा कुनै विवादछैन। सरकार संलग्नता सहित वौधिक व्यक्ति हरुलाइ कसरि मिलाउनेहो।खासगरि त्यो वौधिक हरुको वन्नेहाकि हैन भन्ने ढंगले डिभेड गरिरहदा पछिल्लो चोटी गण्डकि सरकारको एउटा उदाहरण लिनसकिन्छ। जो गण्डकि विस्व विद्यालय जो प्रदेशको एकल अधिकारभित्र पर्छ। शिक्षकको अधिकारभित्र प्रदेश विश्व विद्यालय बनाइसकेको अवस्थाछ तर उनीहरुले मुख्य मन्त्री कुलपति हुने कुरालाई त्याहाँ वदलेको अवस्थाछ। त्याहाँ गणेसमान गुरुङ जो स्थपित नामहो नेपालको स्वास्लोजि क्षत्रको हामिलाइ थाहाँछकि यो भन्दा अगाडिको विस्व विद्त्रालय अनुदान आयोगको अधक्ष पनि हुनु हुन्थ्यो । उहाको अध्यक्षतामा उहा कुलपति वनेर त्यो मोडेलले त्यो पनि अगाडि वनेको अवस्था देखिन्छ। यहाँ सको प्रम्परा ढंगले जस्तो अरुठाउँको मोडेल छ। त्यो पर्म्परा ढंले अगाडी आएकोछ। यसको वारेमा पछी विषयगत छलफल गरैला अलि राम्ररि यसलाइ वौधिक बनाउनेहो भने सवैको सम्मानहुने त्यसको अनुसन्धान गर्ने तलगएका क्षेत्रका मान्छेको उत्थानगर्ने विकासगर्ने जागरण गर्ने होभने हाम्रो क्षेत्रको भनेको देउडा हरुको क्षेत्रहो हाम्रो क्षेत्र भनेको थारु हरुको क्षेत्रहो थारूहरूको निम्ति आफ्नै कल्चर भएको क्षेत्रछ। सौका हरुकोलागि आफ्नै कल्चर भएको क्षेत्रछ।त्यसैले यि कला र साहित्यका क्षेत्रहरुसंग जोड्दै नेपालि साहित्य मात्रैछैन संसारभरिको दर्शनलाइ पनि यसमा जोड्ने खदिल्लो बनाउनेगरी प्रज्ञा पर्तिष्ठान वनाउनु पर्छ भन्ने कुरारा ख्रचाहन्छु र सरकारले ल्याएकोछ सरकारलाई धन्यवाद दिन चाहान्छु र यसलाइ तद अनुसार साँच्चैयो वनायो साच्चै राम्रोहै भन्ने ढ्गले बनाउनु पर्छ भन्ने राख्न चाहान्छु धन्यावाद

**मा० मालती देवी राना थारुः-**

माननीय सभामुख महोदय सुदूर पश्चिम प्रज्ञाप्रतिष्ठान सम्बन्ध व्यवस्था गर्न भनिएको विधिक एकदिन प्रज्ञा-प्रतिष्ठान आफैंमा यसले ठुलोअर्थ राख्छ।

माइक वन्द भउर केहिपनि नसुनिएकोले

**मा० पुर्णा जोशीः -**

माननीय सभामुख महोदय सुदूर पश्चिम क्षेत्रको कला संस्कृति भाषा शभ्यता संगित भेषभुषा आदिको जगर्ना उत्थान प्रवर्धनको लागि एउटा प्रज्ञा प्रतिष्ठानको आवश्यकता थियो र प्रदेश सरकारले त्यसलाइ महसुश गर्यो र त्यसलाइ सभा समक्ष ल्याएकोछ म धन्यवा ददिनचाहन्छु। गत आर्थिक वर्ष २०७५ मै निति तथा ७६/

कार्यक्रम र बजेटमा सुदूर पश्चिमको एउटा प्रज्ञा प्रतिष्ठान गठन गर्नकोलागि पहलमान सिंह स्वार जो अग्रज यो प्रदेशका साहित्यकार हुन् उनको नामबाट प्रज्ञा प्रतिष्ठान गठन गर्ने भन्ने खालको कुरा हामिले निति कार्यक्रम र बजेटमा पास गरेका थियौ तथापि नाममा फरक भएपनि आसयमा प्रज्ञा प्रतिष्ठान आउकोछ। म फेरिपनि धन्यवाद दिनचाहन्छु। नेपाली भाषा संस्कृति को उत्गम स्थल कर्णालीको सिँजा जो हामी सुदूर

पश्चिम संगपनि भगौलिकताका हिसाबले भाषा-संस्कृति सभ्यताका हिसाबलेपनि मेलखान्छ। र सवै सभ्यता खस आर्यको सभ्ताको मेरुदण्ड डोटेलि सभ्यता हो। हामीले समयमै पहिचान गर्न सकेको भए यसलाई प्रवर्द्धनगर्न सकेकोभए हामी कस्तुतिले बिना खोजेजस्तो गरेर अहिलेको अवस्था बेहोर्नुपर्ने अवस्था थिएन संघीयता निर्माणका दुइटा मूल आधार एउटा सामर्थ र पहिचान दुवै आधारमा हामी अब्बलछौ यति हुँदाहुँदै पनि यसको समयमै पहिचान गर्न सकेन अध्ययनगर्न सकेनौं योजना बनाउन सकेनौ परिभालन गर्न सकेनौ। सामर्थ्यले हामि पछाडि पर्यौं र त्यसको हिसाफले मात्रै नभएर हामि भौगोलिक हिसाफले मात्रै सुदूर पश्भिमेलि भएनौ। हामी पछौटे पनको नेतृत्व गर्ने सुदूर पश्चिमेलि समेत भएकाछौं। प्रथा र परम्पराका नाममा एउटा विसंगतिहरु हामीलेत हामीसँग जोडिएकाछन् अहिलेपनि हाम्रो पहिचाहन वनेकोछ र हाम्रो जो गौरवको विषय हाम्रो भाषा संस्कृतिक कला इत्यादि हाम्रो सवै ओझेलमा परेको अवस्थाछ। तसर्थ सुदूर पश्चिम प्रज्ञा प्रतिष्ठान गठन पश्चात हाम्रा यस क्षेत्रका मौलिक पहिचान हरुले संस्थागत मान्यता र बिकास र ब्यबसायीक बजार समेत पाउनेछन भन्ने कुरामा मैला आसा गर्दछु। पूर्वीय सभ्यता विशेष गरिकन पूर्वीय दर्शन र सभ्यताको जग जननी हाम्रो भुगोल भित्र पर्दछ। धेरै सभ्यता भाषा-संस्कृति कोजननी सुदूर पश्चिम हो भन्ने कुराहरु सगौरब पुष्टिगर्ने अवसर यो ऐन वनेपछि प्राप्त हुनेछ। र समयमै यसले नियमावली भयो प्रदेश प्रज्ञा प्रतिष्ठान गठनहुनेछ भन्नेकुराहरु राख्नचाहन्छु र अन्त्यमा सस्थालाइ नितान्त प्राकृगिक गतिविधिहरु गर्नको लागि नितान्त विधागत रुपले विषयगत रुपले ती गतिविधि हरु संचालन गर्नकोलागि राजनिले नेतृत्वगर्ने भन्दा पनि राजनीतिले व्यवस्थापन गर्नुपर्ने हुन्छ । र प्रागीक गतिविधि गर्नकोलागि प्रगिज्ञ हरुकै थलो बनाउनको लागि प्रागिज्ञ हरुलाइनै त्यसमा सवैखालका योजना बनाउने सवैखालका निर्णय हरु गर्नेखालको गतिविधि वनाउनकोलागि भिजन दिनेकाम राजनीतिलेख गर्छ। प्रज्ञा प्रतिष्ठानलाई नेतृत्व गर्ने कामहरु नितान्त रुपमा प्राज्ञको जिम्मा दिनुपर्छ भने कुराहरु म राख्नचाहन्छु यो प्रदेशमा थुप्रै मूर्धन्य साहित्यकार हरुहुन्छ। प्राज्ञ हरु हुन्छ उहाँहरु न मुलुकको एउटा मात्रै प्रज्ञा-प्रतिष्ठान राष्ट्रिय प्रज्ञा-प्रतिष्ठान अहिले जो जीवितछ जो कृयासिलछ। त्यो ठाउमा पनि अवसर नपाउने हाम्रो प्रदेशको आफ्नै प्रज्ञा-प्रतिष्ठान हुँदाखेरि पनि नेत्रित्व नपाउने होभने प्रज्ञ हरुले आफ्ना गतिविधि हरु -गर्ने ठाउँ पाउँदैनन् त्यसकारण राजनीतिले भिजन दिने राजनीतिले व्यवस्थापनको जिम्मालिने र बाँकी नेतृत्वका काम हरु प्राज्ञको जिम्मा दिनुपर्छ भन्ने पक्षमा आफ्नो धारणा राख्दै विषयगत मन्त्रालय सामाजिक विकास मन्त्रालय मन्त्रीज्यूलाई धन्यबाद दिन चाहान्छु थप सन्सोधन आउन सक्छन अनि यसमा सामाजिक विकास समिति विषगत समितिमा छलफल हुनसक्छ । यसनामको बारेमा सबैकिसिमका दफा हरुमा अतुयन्त धेरै गहन छलफल गरेर यो विधेयकलाई सम्वृत्ध बनाएर हाम्रो मुलुकको हाम्रो प्रदेशको समग्र पहिचान लाई स्थापित गर्नेखालको एउटा प्राज्ञिक गतिविधि गर्नपाउने किसिमको अवसर यो कानुनले दिनेछ भन्ने कुराराख्दै विदा हुन्छु धन्यवाद।

**माननीय सदस्यहरू,**

**“सुदूरपशिचम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६”** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

मा० मन्त्री किष्णराज सुवेदीः- माननीय सभामुख महोदय

सुदुर पश्चिम को प्रज्ञा-प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सामान्य छलफलमा भागलिने मानननीय ज्यू हरुबाट असाध्यै महत्वपूर्ण सुझावहरु आएकाछन। ति सुझाबलाई सरकारले गर्हणगर्नेछ। सुदुरपश्चिमको भाषा कला कलासाहित्य संस्कृति सुदूर पश्चिमका रीतिरिवाज सुदूर पश्चिमका चालचलन सुदूर पश्चिमका हिजोका केहि नदेखिएका रिति रिवाज जो समाजमा ओझेलमा परेकाछन त्यो समग्र सुदूर पश्चिमको संस्कृतिलाई समेटेर यो सुदूरपश्चिमप्रज्ञा-प्रतिष्ठान विधेयक सदनमा प्रस्तुत गरिएकोहो। सरकारले ल्याएको यो विधेयक सम्पूर्ण रुपमा पुर्ण नहुन सक्छ। यसमा यहाँहरु जस्ता विद्वान माननीय ज्यू हरुका सारगर्भित भनाइ सारगर्भित सुझाव सल्लाह र यहाँहरुले यहाँले राखुभएका कुराहरु धेरै विधेयक पारितभए कार्यान्वयनको चरणमा छैनन् भन्ने कुराहरु हामी हामि कार्यान्वयनको चरणमा अगाडि वडिरहेका छौ। विधेयक पारित भइसकेपछि सदनले पारित गरिसकेपछि पक्कैपनि ति कार्यान्वयनको चरणमा जानेछन केही कहि कुनै विधेयक कार्यान्वयनको चरणमा नभएका हुनसक्छन्। तिपनि यथासिग्रह कार्यान्वयनको चरणमा जानेछन।जाहाँ सम्म यो विधेयकको कुराछ यो विधेयक पारित भैसकेपछि योविधेयक संग सम्बन्धित प्राज्ञ व्यक्ति हरूको नेत्रित्वमा प्रज्ञा-प्रतिष्ठान गठनहुनेछ त्यहाँ गठन भैइसकेपछि यसले सबै क्षेत्रलाई समेट्नेछ। यस्को नामको विषयमा पनि कुरा उठेकोछ। गतवर्ष पहलमान सिंह स्वार प्रज्ञा-प्रतिष्ठान थियो यसलाइ छलफलको रुपमा अगाडि बढाउँदा हाम्रो सुदूर पश्चिममा धेरै मुर्दन्य विद्वान व्यक्तिहरु हुनुहुन्छ यसलाइ समग्र सुदूर पश्चिम प्रदेशको विधेयक वनाउ र दसरत चन्द भिमदत्त पहलमान सिहँ स्वार जय पृथ्वीबहादुर सिंह जस्ता यस्ता महान विभुती हरूको विषयमा वनाउन सकिनेगरि एसलाइ खुकुलो प्रकारले राखौं भन्ने सल्लाहका साथ यो विधेयक सदनमा आएकोहो त्यसैले मलाई माननीयज्युले दिएका सल्लाह सुझावलाई समेटर यो विधेयक लाई पूर्ण रुपमा अगाडि वडाउने कुराहरु याहाँ हरुको विचमा राख्दै अतःमहत्व पुर्ण सल्लाह सुझाब दिनुभएकोमा सम्पुर्ण माननीय ज्यू हरुलाई प्रदेश सरकारको तर्फबाट विशेषगरी सामाजिक मन्त्रालयको तर्फबाट धन्यवाद दिन चाहान्छु। धन्यवाद।

**माननीय सदस्यहरु,**

अब, म **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम दफावार छलफलका लागि **सामाजिक बिकास समिति**मा पठाईयोस भनी प्रस्ताव प्रस्तुत गर्न माननीय सामाजिक बिकास मन्त्री कृष्णराज सुवेदीलाई अनुमति दिन्छु ।

**माननीय मन्त्री कृष्णराज सुवेदीः-**

माननीय सभामुख महोदय प्रदेश सभा नियमावली 2074 को नियम 108 को उपनियम १ को खण्ड ख वमोजिम सुदूर पस्चिम प्रदेशको प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 207६ लाई दफावार छलफलको

लागि सामाजिक विकास समितिमा पठाइयोस भनि  प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु।

धन्यवाद

**माननीय सदस्यहरु,**

अब, म **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** लाई दफावार छलफलका लागि **सामाजिक बिकास समिति**मा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** लाई दफावार छलफलका लागि **सामाजिक बिकास समिति**मा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब **"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको कार्बाही  प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को (१) बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री  कृष्णराज सुवेदीः-** माननीय सभामुख महोदय  प्रदेश खेलकुद सम्बन्धमा व्यवस्थागर्न बनेकोविधेयक २०७६ माथि सुदूरप श्चिम प्रदेशसभा नियमावली २०७४ को नियम १०७ को १ वमोजिम सभामा सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यावाद

**माननीय सदस्यहरू,**

अब, म **"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि विचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६”** माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **“प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६”** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम मा० अक्कल वहादूर रावलः-**

माननीय सभामुख महोदय प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि हामी सैद्धान्तिक छलफलमाछौं । विधेयक हाम्रो प्रदेशको खेलकुद क्षेत्रको विकासका निम्ति अति महत्वपुर्ण विधेयक हो। र यो समयमै आएकोछ जस्तो मलाई लाग्छ। त्यसैले विधेयकका सैद्धान्तिक पाटाहरुमा छलफल गर्दा हामी मूलतः खेलकुदलाई हामी कसरी बुझ्छौं। यहाँ सम्म आउँदाखेरि हाम्रो खेलकुदको अवस्था र हामीले चाल्ने आगमी कदम हरुको बारेमापनि हामीले ध्यानदिनुपर्ने जरुरी हुन्छ जस्तो लाग्छ। यो ऐनले ति कुराहरुलाई सम्बोधन गर्नको निम्ति मार्ग प्रशस्त गर्नेछ। भन्ने मलाई विश्वासछ त्यसैले यहाँ अब हाम्रो संघीय सरकारको नारापनिछ राष्ट्रकोलागि खेलकुद स्वास्थ्यलइ खेलकद भन्ने नारछ। र त्यो नारालाई आत्मसात गर्दै अब  प्रदेशको सन्दर्भमा हामिले प्रदेशमा पनि अझै सुदूर पश्चिम प्रदेश खेलकुद क्षेत्रको निम्ति अत्यन्तै उर्वरा भुमिहो।  हामीले यो प्रदेश वाट यो ऐन बनाइ सकेपछि खेलकुद क्षेत्रमा गर्नुपर्ने विकासका लागि कानूनि साधार हरु तयार हुने छन। र जसकालागि यो ऐन अत्यावश्यक ऐनको रुपमा आएकोछ। त्यसैले ऐनमा धेरै कुराहरु समावेषत भएकाछन।यो ऐनलाइ अझै पुर्णता दिनका निम्ति पनि यसलाइ खेलकुदको मुख्य आर्सणको    मुख्य केन्द्रको रुपमा विकास गर्नकालागि खेलाडी हरूको त्यहाँ उनीहरूको सुरक्षाको ग्यारण्डीको कुरा खेलहरूको  वातावरण सिर्जना गर्नेकुरा देखि लिएर राष्ट्रिय अन्तर राष्टय  ख्याति प्राप्त खेलाडीहरु पनि हाम्रो सुदूर पश्चिममा जन्मेकाछन। त्यसैले यी सबै कुरालाई मध्यनजर गरी म हामीले शाररीक रुपमा मात्र नभइकन मानसिक रुपमापनि खेलिने खेलहरुको लागि पनि हामीले उत्तिकै ध्यान दिनुपर्ने हुन्छ।    खेलक्षेत्रको विकास एउटा भौतिक पूर्वाधारसंग पनि जोडिएको हुन्छ। किनकि हिजोका दिनमा हामीले हाम्रै सेरोफरोमा हामिले देख्दाखेरि पनि हामिले धेरै ठुला ठुला खेलहरु देख्ने अवसर प्राप्त हामिलाइ थिएन।किनकी हामिले साना साना कवर्डि डण्डि वियो सम्म मात्र खेल्न पाउने अवस्था आएको थियो। आज आयदाखेरि धेरै कुराको विकास भएको छ। हामिले नजिक वाट अन्तर्राष्ट्रिय स्तरका खेलहरु देख्ने अवसर पनि प्राप्त हामिलाईछ त्यसैले देख्ने मात्रै नभइकन खेलाडि हरुको त्यहि अनुसारको विकासगर्ने अवस्था सिर्जना भएकोछ। र हाम्रो नेपालमा हिजोको जस्तो कुनै एउटा सीमाभित्र मात्रै खेलक्षेत्र अहिले कैद छैन अहिले वृहत रुपमा गाँउ घर सम्म पुगेको छ त्यसैले  सबैलाई उपयुक्त वातावरण सिर्जना गर्नका लागिपनि हामीले खेलक्षेत्रमा लगानी गर्नुपर्नेजरुरीछ र खेलाडि हरुको सुरक्षाको ग्यारण्डी गर्नुपर्ने जरुरी

पनिछ। त्यसैल संगसगै यसलाइ  पर्यटनको रुपमापनि विकास गर्ने विश्वका धेरै देशहरुमा अन्तै सुन्दर ठाउँहरूमा खेल्ने खेलहरुपनि हुन्छन् अत्यन्तै  पर्यटकीय ठाउहरुमा राम्रो पर्यावरणिय ठाउँ हरुमा क्रिकेट खेलाउने पनिछ।त्यसबैले त्यस्ता ठाँउहरुको हामिले विकास गर्न सक्यौ भने पनि त्यस्ले उत्पादन तिरपनि हामिलाइ जोड दिन सक्छ जस्तो मलाइ लाग्छ। संगसंगै हाम्रो पर्यटनको विकास गरेर आर्थिक पाटोपनि योसँग जोडिन्छ। त्यसैले गर्दा यो विधेयक अत्यन्तै महत्वपूर्णछ। अन्य धेरै विषय  वस्तुहरु छुटफुट भएका षिवस्तुहरु छन् ति विषय वस्तु हरुलाई अझै परिष्कृत गरेर यस ऐनलाइ  पूर्णता दिनुपर्ने जुन खाचोछ यसकानिम्ति बिशेषत समितिमा पठाएर दफाबार छल्फल गरेर अगाडि बडाइयोस भन्ने कुरा राख्न चान्छु धन्यावाद

**मा० कृष्ण वहादूर चौधरीः-**

माननीय सभामुख मकहोदयः- सुदूर पश्चिम प्रदेश सरकार खास करके खेलकुद वारेमे वने विधेयक वनलवा भाषा नवुझिएकोले

**माननीय कर्ण वहादूर मल्लः-**

माननीय सभामुख महोदय सुदूर पश्चिम सरकारले ढिलै भएपनि यो प्रदेश खेलकुद ऐन सदनमा ल्याएकोछ। यसको लागि सम्वन्धित मन्त्रालय र मन्त्री ज्यूलाइ धन्यावाद दिन चाहान्छु। २० वर्ष अगाढी खेलकुद परिषद संग नजिक भएर कामगर्ने अवसर प्राप्त गरेको थिए। अहिले यो ड्राप्ट हेर्दा खेलकुद परिसद जुन चालुछ प्रमपरागत ढंगले त्यसभन्दा कुनै भिन्न वा फरक देश संघियतामा गैसकेपछि गाउँमा ८ कलास वाट अथवा वच्चादेखि विद्धालयमा पढ्ने अजकाल +२ छन पहिले क्यम्पस हरुथिए क्याम्पसमा पढ्ने खेल प्रेमि हरुलाइ छुने ढंगको यो व्यवस्था गरिकन ल्याइएको छैन।त्यसकारणले यसलाइ अहिलेको संघियता संग गाउँमा पढी राखेका गाउँमा वाचि रहेका खेल पर्ति मात्र आर्कषण रहेका युवा हरुको जमातछ र तिनि हरुलाइ आकर्षण हुन यो ऐनवाट आकर्षित हुनु पर्दछ। त्यति मात्र भएर पुग्दैन हिजो निर्दषित ढंगले मात्र खेलकुद हरु संचालन गरिन्थे। खेलकुद परिसद वाट सरकारले सम्वन्धि मन्त्रालयले योजना बनाउँथ्यो खेलकुद मन्त्रालय यसपछि खेलकुद मन्त्रालयले लगेर मन्त्रिपरिषद्मालगेर पास गरिन्थ्यो र पास भए अनुसारनै लेखेलकुद परिषद्ले राष्ट्रिय खेलकुद परिषदलेचै कार्यक्रम तयगरे र त्यो मोडालेटि बाट यो विधेयक आएको छ । त्यस कारणले   अहिले यो परिवर्तित अवस्थामा विभिन्न ढंगले खेलकुद लाइनै जिवन मान्ने ढ्गका अहिले गाउँघरतिर अनेक खेलकुद महोत्सव पनि हाम्रो वर्षका तिहारताका नयाँ वर्षको उपलक्षमा धेरैठाउँमा हुने गरिराखेका छन त्यसमा हामी सहभागीहुने अवसर सबै हामी राजनीतिक मींहरूले पाइराखेकाछौ। त्याहँ गएर बुझ्दाखेरी खेलकुद प्रति आकर्षण भने भाहे भलिवल होस फुटवल होस चाहे क्रिकेट चाहे मार्सल आर्ट होस विभिन्न विधाति आर्षणछ तर ८ कलास   सम्म संचालन भएको स्कुलमा हामी जाँदैगर्दा एउटा भलिवल र नेट काहिवाट हामिले पाइदिए हुन्थ्यो माननीय ज्यू भन्ने अवस्था छ एकातिर सम्वन्धित ठाउँहरुलाई चाहे समाजिक संस्था क्लबहरु लाई चाहे ति विद्यालयहरु हुन तिसामुदाइक सस्था हरुलाइ खेलकुद साम्ग्रि हाम्रो

सुदूरपश्चिम प्रदेशको खेलकुद परिषद्बाट वार्षिक रुपमा यसरी प्राप्तगर्ने ढंगको हामीले ऐनमा व्यवस्था गर्न सक्यौ र खेलकुदमा समाबेशभएका र समाहित भएका समावेश हुन समाहित हुनु भिन्न चरित्रहो तिनको लागि हाम्रो प्रदेशको सरकारले पुर्ण रुपवाट आर्थिक विपन्नता खेलकुदमा पूर्णरूपमा समाहित भएका खेलाडीहरुलाई कानुनी रुपमा उनको संरक्षण गर्ने समवर्धन गर्ने उनको खेलकुद संग जोडेर उनको विकास व्यक्तित्व विकास गर्नमा संरण गर्ने संरक्षताको भाव प्रष्टरुपमा यो ऐनले दिनुपर्दछ भन्ने मयो माननीय सभामुख मार्फत यो गरिमामय सदनमा राख्न चाहान्छु। त्यसैगरि २० वर्ष वगाडी सन्त नेता कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री मुलुकको उहाको क्याविनेटमा सरत सिह भन्डारि खेलकूद मन्त्री हुनुहुन्थ्यो त्यति खेरनै प्रभान भन्त्री ज्यूले आपै प्रस्ताव गर्नुभएकोथियो हरेक विद्यालयमा एउटा खेल सिक्षक राख्ने उहाले घोषणा गर्नुभएको थियो त्यो निति उहाँको घोसणामा मात्रै सिमितभयो त्यसपछि धेरै प्रधानमन्त्री भए अहिलेको वस्था परिवर्ति अवस्थामा छ । परिवर्तित अवस्थाको प्रदेशको खेलकुद परिसदको ऐन कस्तो वनाउने भन्ने छलफलमा छौ र म विनम्रता पूर्वक यो सरकारलाई केआग्रह गर्नचाहान्छु भने प्रदेश अन्तर्गतका नौ वटा जिल्लाहरुमा जति स्कुल छन त्यति स्कूलमा एउटा खेलकुद सिक्षकको व्यवस्था ऐनमानै गर्ने गरी कन हामिले हामिले गर्नसक्योभने पछि हाम्रो सरकार खेलकुद प्रति जिम्मेवार समर्पण र त्यो प्रति समर्पित भएका त्योप्रति समर्पित भएका अहिलेका खेल प्रेमि हरु पर्तको उच्च सम्मानका साथै यो सरकार अगाडि बढेकोछ। ताकि कानूनमा यसले प्रष्ट व्यवस्था गरिएकोछ यो त्यसै गरिकन यो मन्त्रिपरिषद बाट केहि मानिसहरु नियूक्त गर्ने किन गर्ने यो केकालागि गर्ने किन अल्मल यो मन्त्री स्थरवाटनै गर्नेहो भने सुदूर पश्चिमा अञ्चल को खेलकुद परिषदको गठन त्यसमा नियुक्त गरिने पदाधिकारि सदस्य सचिव र सदस्य हरु त्यमा नियुक्त गरिने सवै पदाधिकारि हरु मन्त्री परिषद वाटै नियुक्त गर्ने प्रावधान एकल प्रावधान राख्दा उपयुक्त होला किनभने यो सरकारमा मन्त्री र मन्त्री परिषदको नेत्रीत्व गर्ने र मन्त्री विचको विस्वसनियता नभए देखिनछ यो भावले र यसको संख्या पनि धेरै राखिएको छ । यो संख्यामा पनि ४० प्रतिशत कटौति गरिनु पर्छ। समावेसिमा महिला मात्रै हैनन् सुदूर पश्भिममा दलित थारु राना चौधरी वाटपनि क्रिकेटका फुटवलका अन्तर राष्ट्रिय खेलाडि जन्मिएका छन र यहाँ हरुको त्यो कम्युनिटि वाटपनि प्रतिनिधित्व हुने गरि संख्या घटाएर यि जात र यि भुगोल वाट यो प्रावधान राख्दा उपयुक्त हने थियो। प्रशिक्षण प्रतिषस्ठान र संग्राहलय अलग अलग राजनितिक भर्ति गर्ने खालको प्रावधान ऐनमा राख्नु हुदैन।यसलाइ हामिले एकै मोडेलवाट लैजादा उपयुक्त हुन्छ।भन्ने मलाइ लाग्दछ भन्ने मलाइ लाग्दछ। त्यसैगरिकन यो प्रदेशमा विभिन्न विधामा ३० वर्ष अगाडि देखि राष्ट्रीय अन्तर राष्ट्रिय स्तरमा ख्याति प्राप्त खेलाडि हरु हुनु हुन्छ। जस्तो दिपक विष्ट नेपालको टाइ गुण्डमा पहिलो निरन्तर सार्कमा४ पटक स्वर्ण वदक विजेता पहिलो खेलाडि हुनु हुन्छ। यस्ता तमाम खेलाडि हरु हुनुहुन्छ। तर उहाँ हरुको सर सल्लाह लिएरनै यो समिति दफावार छलफलमा जतिखेर हामि छलफलमा हुन्छौ हाम्रो समिति र खेलकुद विज्ञ पुराना खेलाडीहरु र नया खेलाडीहरु लाई वोलाएर उहाँ हरुको प्रामर्स लिएर यो ऐनलाइ पुर्णता दिन उपयुक्त हुन्छ जस्तो मलाई लाग्दछ । अन्तमा खेलकुद यो खेलकुदले समृध्व वनाएका धेरै देशहरु छन। खेलकुदले मान्छेको जिवन वनाएका पनि धेरै देशहरु छन। जस्तै युरोपमा हाम्रोदेश संसारका महंगा संसारका धनी मान्छेले खेल्ने दुइटा खेल्छन। एउटा गल्फ खेल

एउटा हर्स राइटिङ यि दुइवटै खेलको सम्भावना भएको प्रदेशहो हाम्रोसाइ हाम्रो खसडलाइ गल्फ खेलको कोडको रुपमा विकास गर्न सकिन्छ। त्यस्तै गरि हर्ष राइटिङ्क गर्ने भुगो हामि चयन गर्न सक्छौ पहाडमापनि तराईमापनि र यि चयन गर्नसक्ने व्यवस्था यिखेलहरु खेलाउन सक्ने व्यवस्था यो ऐनमन नियमावलिमा समावेश गरिकन यो याहाँ वस्ने सुदूर पश्चिम सुदू पशिभम खेकुद परिसदलाइ नै यसलाइ नेत्रीत्वदाइ एक्टिभ वनउने ढङ्गको निति अगाडि बढाउन सक्यौ भने संसारका उहिले आराममा विदामा आफ्नो समय ३६५ दिनमा निकालिएको समयभित्र गल्फ खेल्न रुचाउने हर्ष राइटिङ्क खेल्न रुचाउने संसारका धेरै खेलाडीहरु छन जो हाम्रो राष्ट्रिय खेलकुद परसद संग जोडिन्छन तर जुड्दैनन् तर हामिले यो प्रदेशको ऐन ल्याउदा त्यो जुटाउने आसयका साथ लाग्नको लागि म आग्रहगर्दै अन्तमा माननीय सभामुख महोदय आज हाम्रो मुलुकको सम्मानीय प्रधानमन्त्री ज्यूको जन्मदिन उहाँको जन्मदिनको शुभकामना दिनचाहन्छु सुश्वास्थ्यको कामना गर्नचाहन्छु दिर्घायुको कामना गर्न चाहान्छु। तर उहाँको नेतृत्वमा हाम्रो योभन्दा अस्वस्थ नहोस भनि पसुपति नाथ संग प्रारथना गर्न चाहान्छु ।धन्यावाद

**माननीय लिलाधर भट्टः-**

माननीय सभामुख महोदय प्रदेश खेलकुद सम्बन्धमा व्यवस्थागर्न वनेको विधेयक 2076 हाम्रो सामु आएकोछ। यसकोलागि ममन्त्री मन्त्रालयलाइ धन्यवाद दिन चाहन्छु म अलि अलमलमा पनि परे यो विधेयकको सम्वन्धमा किनकि अहिले सम्म संघीय ऐन नआउँदा सम्म विधेक आउदा कार्यान्वयन हुदैन भनेर धेरैवटा विधेयक न आइरहेको थियो। अव संघिय ऐनमा कुनै त्यस्तो व्यवस्था छकि संघिय ऐन नआयदै योऐन आएकोछ।त्यसको लागि म धन्यावाद दिन चाहान्छु । खेलकुद ऐन २०४८ को व्यवस्था अनुसार हाम्रो अहिले संघिय ऐन छलफलमैछ मैले बुझे अनुसार र मपनि कुनैवेला खेलकुद खेलकुद परिसद सित जोडिएर कामगरेको थिए । १०/१२ वर्ष पहिला र अहिले आएको खेलकुद विधेयक जोछ खेलकुद ऐन २०४८ का वुदाहरु वाहेक धेरैकुरा यसमा फरक देखिदैनन्।मैले हेर्दै गर्दा २/४ प्रदेशका खेलकुद विधेयक हरु पनि हेरे संघिय खेलकुदऐन हेरे र यो हेर्दैगर्दा मैले केपाएभने यो गठन गर्नेकुराछ यो विधेयक पनि एउटा यो वसधेयक पनि पास हुने संख्यामा जन्छकि भन्ने चिन्ता पनि लाग्यो।कार्यान्वयन काहं गर्ने भन्दाखेरि प्रदेश स्तरीय खेलकुद परिषद गठन गर्ने भन्नेकुरा पनि आयो प्रदेश स्तरले मात्रै गर्ने जिल्लास्तरमा के गर्ने र पालिका स्तरमा केगर्ने भन्ने कुराको यो विधेयकमा केहि व्यवस्था छैन। तोकिए अनुसारको हुनेछ भन्ने व्यवस्था छ। २०४८ सालमा पनि तोकिए अनुसारको हुनेछ भन्ने व्यवस्था थियो।अथवा जिल्ला स्तरको कुनै निकाय छन र पालिका स्तरका कुनै निकाय छैन। हामिले खेलकुदमा ९ वटै जिल्लाको एउटै निकाय वनाएर पनि हुने र सवै प्देशका याहँ ल्याएर खेलाए पनि हुने यस्तो सिर्जना गर्न सक्छ भन्ने मलाईलाग्यो मैले धेरै साथिहरु संग यसको सैद्दान्ति पक्षमा छलफल गर्दै गर्दा धेरै कुरा अस्पष्ट देखियो त्यसैले माननीय मन्त्री ज्यू र मन्त्रालयले यो विधेयकमा अझै छलफल गर्नु पर्ने देखिन्छ। हामी कार्यान्वयन काहाँ गर्छै तोके अनुसारको गर्छौं र संघले जिल्ला खेलकुद विकास समिति हरु आफै मातहतमा राख्नेहोकि भन्ने चिन्ताले आएको जस्तो पनि लाग्छ। उसले राख्नेहो भने संघ र प्रदेशको इकाई संग समेत काम गर्नुपर्नेहुनेछ भने यसको आवश्यक्ता के यो केचाहियोर फरि संघलेनै सवैकुरा गर्नेहो भने यसको आवस्क्तानै छैन अनि उसैको डरले यो कुरा लेखिएको हो

भने यसको वारेमा गम्भिर छलफल गर्नु पर्ने जस्तो लाग्छ।सम्वन्धित समितिको पनि मैले ध्यान आर्षण गराउन चाहे र यसका साथ साथै विधेयकमा समिति मात्रै व्यवस्थापन छन उप समितिहरुका व्यवस्थापन देखिँदैनन् अनि एक तह एकर जिल्लामा दर्ता भएका संसस्था सम्वन्धी व्यवस्थाछ अन्य जिल्लामा के गर्ने त्यस सम्बन्धी खेलकुद संस्था हरुको बारेमा व्यवस्थापन देखिँदैन एक तहमा दर्ता भएका खेलकुद संसस्था हरुले अन्य तहमा कामगर्नुपर्ने बारेमा स्पष्टदेखिदैन अन्तर प्रादेशिय खेलकुदको वारेमा देखिदैन राष्ट्रिय स्तरको कुरात अन्तर रीष्ट्रिय स्तरको कुरागरीकोछ। तर अन्तर प्रदेशीय गत सालनै हामिले सुरु गरिसक्यौ हामिले यो विधेयकमा कतै पनि त्यो खालको व्यवस्थापन देखिदैन। खेलकुदका संस्थाहरूको मात्रै कुरा गरिएकोछ हामीले भलिवल छन क्रिकेटछन फुटबलछन। याहँ थुप्रै संस्थाले मात्रै क्रियाकलाप गर्दै हिन्नेहो भने हामिले के गर्ने भन्ने कुरामा पनि किलियर हुनु पर्छ।हिजो २०४८ सालमा कुन उद्देस्ले भएको थियो भनि त्यसमा पनि हामिले गम्भिर भएर सोच्नु पर्ने जरुरिछ।यो वोर्ड गठन हुदापनि यतिजना विज्ञ यतिजना भन्ने भएकोछ।र कहिले कहिले ति विज्ञ एउटै जिल्लामा एउटै क्षेत्रभएको पनि भइदियो र एउटै खेलका भइदियो भने खेलकुदको समग्र विकास हुन्छकि हुँदैन भन्नेपुरा पनि सोच्नु पर्ने देखिन्छ। त्यसो गर्दाखेरि मैले देखेको छु भलिवलका पनि त्यही क्रिकेट मा पनि हामीले देखेका छौ विभिन् राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद पर्तियोगितामा ति वन्ने समिति खेलकुद समिति हरुका मान्छेहरु नजिकका मान्छेहरुको मात्रै धेरै ठाउँमा सिफारिस भएका र दुर्गमका गजिल्ला हरुका र दुर्गमका क्षेत्रका ति पर्तिभा हरुलाइ समेटन नसकिने खालको खतरापनि भएको हुनाले यसमा समावेषि क्षेत्रको पनि समावेसि चाहिन्छ भन्दै ध्यानाकर्षण गराउन चाहन्छु त्यसका साथसाथै खेलाडी खेलाडि कल्याणकारि कोष र खेलाडीको व्यवस्थापन संग सम्वन्धितको पनि व्यवस्थापन देखिदैन। अहिले अन्तर राष्ट्रिय स्तरमा पदक जितेका खेलाडीहरु आज दैनिक ज्यालादारीमा काम नपाएर भड्किरहेको अवस्ता छ सुदूर पश्चिमका खेलाडिहरु ति सटिफिकेट लिएर हाम्रा घरहरुमा आउँछन भन्छन माननीय ज्यू हामि काहाँजाने केगर्ने तर हामि त्यसको जवाफ दिन सक्दैनौ।हाम्रो सरकारले यो ऐन ल्याउदा सैक्षिक जगत सित कसरि जोडिनेहो र वाहिर वसेका खेलाडलाइ कसरि जोडिनेहो।अव समिति बनाउँदाखेरी मैले यहाँका प्रहरी लगायतका विभिन्न मान्छेहरु पनि यो भित्र राखिने गरिएकोछ। भोलि विभागिय टोलि भनेर उनिहरुले अलगै टोलिमा काम गर्ने र याँहाँ हामिले समितिमा राख्ने होकि त्यसको वारेमा यहाँ हरले कामगर्न जरुरि छ। तर यता पुलिस आर्मि शसश्त्र विभागिय टोलि भनेर छुट्टै संरचनामा जाने हामि भोलि विद्धालय र विद्धयालय वाहिरका खेलकुदहरु सवै विभागिय कलव विद्धालय र वाहिरका खेलाडि हरुलाइ एउटै डालोमा राख्न हामिले के गर्नुपर्ने भन्ने कुराको वारेमा हामिले धेरै छलफल गर्नु पर्ने देखिन्छ र याहाँ कार्यान्वयनको पाटोमा मैले भने संघिय खेलकुद ऐन अहिले विचाराधीनछ भोलि जिल्ला खेलकुद विकास समितिलाई छुट्टै प्रस्ताव आउने अन्य नगर र पालिकाको लागि छुट्टै कलव हरुको बारेमा र अन्य संसस्ताका वारेमान छुट्टै विधेयक ल्याउनेहो भने हामि विधेयकको संख्या वडाउन सक्छौ कार्यान्वयनमा समस्या आउन सक्छ अहिले विधेयक आएको छ यो विधेयकलाइ मैले समितिका सभापति हरुलाइ पनि के आग्रह गर्न चाहान्छु भने माननीय सभामुख ज्यूलाइ पनि के आग्रह गर्न चाहान्छु भने हाम्रा विधेयकमा छलफल गर्ने कुरामा अलि फराकिलो वनाउनु पर्छ भन्ने कुरामा पनि हामिले सोच्नु पर्छ। अहिले हामिले के देखेका छौ भने विधेयक

समितिमा जान्छर कौरम पुग्ने वितिक्कै त्यो टेवल हुन्छ र सत्ता पक्ष वा पर्तिपक्षले उढाएका कुराहरु नितान्त सुझप मात्रै हुन्छन। ति समावेश हुनसक्ने सम्भावना कम हुन्छ त्यो हिसाफले मैले अहिले म जुन समितिमा छु त्यो समितिका सभापति ज्यूलाइ पनि भनेको छु र अरु समितिका सभापति ज्यू हरुलाइ पनि के आगह्र गर्न चाहान्छु भने कुनै विधेयक समितिमा अएकोछ भने समग्र सदनको साथी हरुलाई तयो समितिमा आमन्त्रण गरेर भएपनि उनका सुझाव लिने यदि ठिकछ भने माननीय मन्त्रीहरुले यहाँ ठिछ भनिसकेपछि उनिहरुले करेक्सन गर्न सक्दैन किलकि त्यो प्रक्रियामा अगाडि गैसकेको हुनाले समितिमा छलफल गराउदा एकदिन छुट्टै भएपनि सबैका मान्छे हलाइ ति केके वुदामा कमिछ भन्नेकुरामा हामिले नयाँ तरिकाले छलफलको अभ्यास पनि गर्नु पर्छ भन्नेजस्तो लाग्छ मलाइ जस्ले गर्दा आउने विधेयक हरमा सवैका भावना समेट्न पकियुन सत्ता पक्ष वा पर्तिपक्ष भन्नेकुरा समितमा छैन एउटा छोटो संख्याले मात्र निर्णय गर्ने र अरु माननीय हरुका सुझाव हरुलाइ रेकर्डिङको रुपमा मात्रै आउने जो दिखिराछ यो अहिले यो प्रक्रियालाइ पनि वदल्नु पर्छ जस्तो लाग्छ माननीय सभामुख महवदय मैले सभामुख ज्यू मार्फत माननीय मन्त्रि ज्यू समितिका सभापति ज्यू र माननीय ज्यू हरुलाइ यो गम्भिर सिक्षा र युवासित जोडिने रोजगार सित जोडने यो नेपालको सरकार र सुदूरपश्चिमको भविष्य सितजोडिने यसमा हतारो नगरि सबैसँग छलफल गरि अगाडि बढाउनु हुनेछ भन्दै आफ्ना भनाइ टुङ्ग्याउछु हवस्त धन्यावाद।

**माननीय शान्ती नेपालीः-**

माननीय सभामुख महोदय हाम्रो सुदुर पश्चिम प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालयले खेलकुद सम्बन्धमा व्यवस्थागर्न वनेको विधेयक २०७६ सदनमा सामान्य छलफलका लागि आज हामि जुटिरहेकाछौं । सर्वपर्थम म प्रदेश सरकारलाई र सामाजिक विकास मन्त्रालयलाई धन्यावाद दिन चाहान्छु। राष्ट्रका लागि खेल स्वास्थ्यका लागि खेल स्वस्तयुवा प्रदेशको खम्बा विभित नारासहित खेलहरू सुदूर पश्चिम प्रदेशमा पनि अन्तरप्रदेश खेलकुद समेत हामीले सम्पन्न गरिसकेकाछौं। मलाई लाग्दछ । खेलकुद अत्यन्त महत्वपूर्ण विषयहो जहाँ राष्ट्रियता अन्त र्राष्ट्रिय जगतमा राष्ट्रियताको सवाललाई खेलको मध्यमबाट राष्ट्रकै शिर ठाडो पार्ने सन्दर्भ खेलसँग जोडिएको हुन्छ यो गरिमामय सदनमामा सभमुख मार्फत अनुरोध गर्नचाहन्छु नेपालको इतिहासमा खेलकुद स्थापना खेलकुद परिषदभनेर 2021 सालबाट सुरु भएको देखिन्छ र प्रम्परागत खेलहरु हामीले धेरै खेलतापनि यसको धेरै भेट्टिदैन यसैले ऐतिहासिक प्रभाव पारेको देदैन जाहाँ अभिलेख हुदैन जहाँ इतिहासको लिपिबद्धता हुँदैन त्यहाँ स्मरण गर्नपनि अलि गाह्रैहुन्छ। खेलभनेको राष्ट्रसँग जोडिएकोछ राष्ट्रियतासँग जोडिएकोछ सार्वभौम सत्तसँग जोडिएकोछ सिंगो युवासँग जोडिएकोछ रोजगारसंग जोडिएकोछ र समग्र सम्रिधिसँग जोडिएकोछ। यो ढिला आएपनि एकदमै ऐतिहासिक रहेकोछ। हाम्ले थुप्रै सोर्णपदक यतिखेरको१३रौ सर्क सम्मेलनमा पनि हामीले उत्कृष्टता प्राप्त गरेकोछ। म सम्मान गर्नचाहन्छु। खेलाडी मित्रजी हरूलाई जो राष्ट्रका ढुकुटीहुन र उहाँ हरुलाइ प्रदेश सरकारले पुरस्कार र प्रोत्साहनको व्यवस्थापनि गरेकोथियो यसकालागि पनि यसकालागि प्रदेश सरकारलाई सिङ्गो राष्ट्लाइ म यस सम्मानानीत सदनवाट माननीय सभामुख मार्फत धन्यावद व्यक्त गर्न चाहन्छु मलाई लाग्दछ विधेयक भनेको सैद्धान्तिक कुराहो। सिद्धान्ततः हामीले विशाल हुनुपर्दछ सयौ वर्षपछिपनि यो कानूनहो यसलाइ अजम्मरी राख्नुपर्दछ। यसले अन्तर

प्रदेशलाई जोड्ने कुरालाईपनि लिपि वद्ध पार्नु पर्दछ। मलाई लाग्दछ कम्तिमा पनि गाउँपलिका सम्म यसको विस्तृत प्रकृयाको रुपमा यसै विधेयकमा लेख्नु पर्दछ जहाँ हाम्रो राज्य समावेशी समानुपातिक को कुरा गरिरहेकोछ सुदूरपश्चिम प्रदेशलेपनि नेपालको संविधान बमोजिमले अगाडि बढ्नुपर्ने भएका कारणले समानुपातिक समावेशीको कुरालाईपनि खेलक्षेत्रमा पनि बिर्सिनु हुँदैन भन्ने कुरामा पनि म सादर अनुरोध गर्न चाहन्छु माननीय सभामुख महोदय यो विधेयकमा दफावार छलफलत सम्बन्धित समितिमा हुनेनैछ र यो सवैको चिन्ता र चासोको विषयहो। जहाँ थुप्रै युवाहरु मैले देख्दछु थुप्रै युवाहरु युवा हुन्जेल खेलमा रुचीराख्ने र यमेर ढल्किसकेपछि संरक्षण नपाएपछि अल्पत्र स्थितिमा हुने भएकोले सबै खेलमा समस्या देखिएकोछ। मलाई लाग्दछ खेलको समृद्धि खेलको विकास र खेलकुद क्षेत्रमा चिन्ता र चासो सहित लागेका हरूको सुरक्षा र भौतिक निर्माण भौतिक संरचनाको निर्माण देखि लिएर समग्र विकासका लागि प्रदेश सरकारले व्यापक छलफल गरेर अझ यो समितिले दफाबार छलफल गरेर खेललाई विज्ञ साथिहरु सहित राखेर यसमा व्यापक छलफल सहित गाउँ पालिका सम्म र अन्तर प्रदेश र यसलाइ समावेसि समानुपातिकको क्षेत्रलाई पनि समावेश गरेर लैजान एकदमै महत्व पुर्णहुनेछ जस्तो लागेकोछ र मलाई अर्कोकुरा खेलसँग युवाहरूको जीवन बढी जोडिएका कारण युवाहरु लाई सबैभन्दा बढी खेलमा रुचि वढाउनका लागि सकिन्छ भने एउटा जिल्लामा एउटा नमुना खेल विद्यालय भनेर पनि हामीले घोषणा गरेर लैजान सक्छौं यसमा हामीले सम्वृधि सँग जोडेर अगाढी वडाउन सकिन्छ। र यसमा मुख्यगरीकन समिति बनाउँदापनि संख्यात्मक हिसाबले भन्दापनि गुणात्मक कुरालाई मध्यनजर गरेर खाली संख्याका लागि संख्या बढाएर भन्दापनि भुगोल क्षेत्र समुदाय नछुट्ने गरि विज्ञ साथीहरु नछुनेगरी समिति गठनगरी तोकिएर भन्दापनि तोकेरै अगाडि बढ्नेकुरा र अर्कोकुरा तोक्ने कुरार तपाईंको सबैभन्दा तोक्ने कुरालेपनि कानुन कार्यान्वयनमा समस्या पार्दछ।यस कारण कार्यान्वयन लाइ सहज वनाउन तोकिए वमोजिम भन्दापनि तवकि दिने कुरानै अझ पर्भावकारि होला यस्लेनै कानुनी सर्वोच्चता लाई सिरोधार्य गर्दछ भन्नेकुरा राख्न चाहान्छु र अन्तमा खेलप्रति सुदूर पश्चिम प्रदेश सरकार एकदमै प्रतिबद्ध देखिन्छ। गतवर्षको नीतितथा कार्यक्रममा पनि एउटा निर्वाचन क्षेत्र एउटा खेलमैदानको रुपमा हामिले सुरुवाद गरेकाछौं। अन्तर प्रदेश खेलकुद लाईपनि जोडेर लिएकाछौं र यसलाई वडा सम्म पनि प्रभावकारिता बनाएर राष्ट्रसँग कम्तिमा संघीय सरकारसँग जोडेर अन्तर राष्ट्रिय लेभलमा पनि सुदुर पश्चिमको पहिचान सुदूर पश्चिमको मौलिकता यहाँका पुराना खेलहरुलाइ पनि संरक्षण गरेर हामीले अगाडि बढ्नुपर्छ भन्नेकुराराख्दै अब यो ऐतिहासिक विधेयक समयमै आएकोछ मत यसलाइ ढिलापनि भन्दैन 32 वटा कानून हामिले पारित समेत गरिसकेकाछौं। सबै विधेयक लाई ढिलैको रुपमा वुझेपछि सबै विधेयक हरु आइ रहेकै छन। ढिलै भएपनि राम्रोहोस भन्नेमा र एकदमै प्रभावकारी होस प्रभावकारी कार्यान्वयनका लागि पनि आग्रह गर्दै मेरा भनाइ यहि राख्दछु। धन्यवाद।

**माननीय सदस्यहरू,**

**"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय मन्त्री कृष्णराज सुवेदीः -**

माननीय सभामुख महोदय सुदूर पश्चिम प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 207६ माथिको माननीय ज्यू हरुका सुझाव हरु प्राप्त भएका छन। ति सुजावलाइ समेटेर यो विधेयकलाइ पुर्णता दिएनेछ। यो विधेक सदनमा पर्स्थुत भैरहदा र यसमाथि छलफल भइरहँदा यो विधेयकले केहि क्षेत्र समेट्न सकेनकि भन्ने माननीय ज्यू हरूको चिन्ता र त्यो विषयको वारेमा उठेका केहि कमि कम्जोरि छनकि यस्लाइ अझै राम्रो बनाउ यसलाइ आज पारित गरेर भोलि संशोधन हुने खालको नवनाउ भने अमुल्य सुझाव दिनुभएकोमा माननीय ज्यू हरुलाई धन्यवाद दिनचाहन्छु। यो विधेयक हाम्रो सुदुर पश्चिम प्रदेशका खेलाडी साथि हरुकालागि राष्ट्रिय एकताका लागि राष्ट्रिय सम्वृधिका लागि राष्ट्र स्वाभिमानका लागि खेलकुद अपरिहार्य हो। खेलको माध्यम द्वारा सुदूर पश्चिमलाई चिनाउने हामी सँग ती महान खेलाडी पनि उत्पादन भएकाथिए र अहिलेपनि त्यो अबस्था उत्पादन भइ रहेकाछन । भर्खरै सम्पन्न सार्क १३रौ खेलकुद प्रतियोगितामा सुदूर पश्चिमका 69 जना खेलाडी हरुले स्वर्ण रजत र कास्य पदक प्राप्त गर्नुभएकोछ। उहाँ हरुलाइ प्रदेश सरकारले पुरुस्का दिने निर्णय पनि गरिसकेकोछ। हामी मुख्यमन्त्री कप खेलकुद प्रतियोगिताको मौका पारेर उहाँहरुलाइ वोलाएर हामी त्यो पुरस्कार उहाँलाई वितरण गर्दैछौ माननीय ज्यू हरुबाट गतवर्ष प्रथम मुख्यमन्त्री अन्तर प्रदेशीय जो कप भयो त्यो खेलकुद प्रतियोगितामा सुदूर पश्चिम प्रदेश पहिलो भयो 15 लाख पुरस्कार घोषणा गरेकाथियौं।माननीय ज्यू हरुलाइ चिन्ता हुनु स्वभाविक हो। प्रथम भयो तर पुरुस्कार पाएनकि भन्ने हामीले प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयले यहाँ सम्पन्न भएको एक हप्ता भित्र हामीले त्यो 15 लाख रुपैयाँ खेलकुद परिषद्लाई दिइसकेकाछौं। यो कुरा मलाईपनि आएको थियो कोहि खेलाडि हरु हामीले जितेका हौ हामीले दामासाहीले पाउनुपर्छ भन्नु हुन्छरे कोहि खेलाडि हरु होइन यो खेलाडि कल्याण कोष सरकारले बनाउँदैछ त्यसमा थपौ भन्नु हुन्छ तर हामीले त्यो पैशा उहाँ हरुगाइ उपलव्ध गराइ सकेकोकुरा। म सम्मानित सदनमा अनुरोध गर्न चाहान्छु। हामि सरकारले खेलकुदका हरेक क्षेत्रमा लाग्ने युवाहरुलाई संरक्षण गर्ने दायित्व सरकारको हो। सरकार त्यो काममा क्रियाशील भएर लागेछ सुदूर पश्चिमका अघि तपाईं हरुलेनै माननीय ज्यू हरुलेनै असाध्धै सरकारको काम गरेका कामको प्रशंसा गरिसक्नु भएकोछ। खेलकुदको क्षेत्रमा ३२ वटा निर्वाचन क्षेत्रमा खेलकुद मैदान यहाँ हामीले निर्माण गरेकाछौं। यसलाई अझैपनि बनाउन लागेकाछौ र योपाली पनि सम्पन्न भएनभने आउँदो सालको बजेटमा भएपनि त्यसलाइ सम्बोधन गरेर सम्पन्न गर्ने कुरामा सरकार क्रियाशील भएर लाग्नेछ समग्र सुदूर पश्चिमको खेलकुद लाइ हामी अगाडि वडाउन चाहान्छौ। जाहाँ सम्म जिल्लाखेलकुद र स्थानीय खेलकुद समिति छैन भन्नेकुरा आयो त्योछ यो विधेयकमा छ। जिल्लाखेलकुद परिषद र स्थानीय खेलकुद परिषद गठन गर्ने प्रावधान पनि यसमाछ। त्यसलाई पनि ती शब्दमा तोकिए बमोजिम जिल्ला खेलकुद भनेको त्यलाई

तोकिएभन्दा त्यो  हटाउनाले हटाउँदा राम्रोहुन्छ भने त्यो पनि हामी सोचौंला तर समग्र सुदूर पश्चिमको क्षेत्रलाई समेटेर यहाँको भौगोलिक अबस्था याहाँको विकट्ता लाइ हेरेर प्रदेश सरकारले यो विवेक बनाएकोछ। यो विधेयकमा केही कहीँ कतै कमी कमजोरी हुनसक्छन केहीछुटेको हुनसक्ला तर त्यसको सिंगो सदन र यो गरिमामय सदनले दिएका सल्लाह र सुझावलाई हामी यो विधेयक समेट्नेछौं केहि छुटेकाछन भने यसमा अझै छलफल बहस गरेर अगाडि बढाउनेछौ यि कुराहरु याहाँ राख्दै यो महत्व पुर्ण सुझव र सल्लाहका लागि सम्पुर्ण माननीय ज्यू हरुलाइ  हार्दिक धन्यवाद दिंदै विदाहुन्छु धन्यवाद

**माननीय सदस्यहरु,**

अब, म **"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"**लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम दफावार छलफलका लागि **सामाजिक बिकास समिति**मा पठाईयोस भनी प्रस्ताव प्रस्तुत गर्न माननीय सामाजिक बिकास मन्त्री कृष्णराज सुवेदीलाई अनुमति दिन्छु ।

**माननीय सदस्यहरु,**

अब, म **"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** लाई दफावार छलफलका लागि **सामाजिक बिकास समिति**मा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** लाई दफावार छलफलका लागि **सामाजिक बिकास समिति**मा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

**"प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल फाल्गुन ..गते ......बार दिनको ...०० बजे बस्ने  भएकोले उक्त मिति सम्मका लागी  बैठक स्थगित भएको घोषणा गर्दछु ।